बैठक संख्या: १८५/५०/२०८२/०८३
मिति २०८३/०२/११
समय बिहान दिनको ९,०० बजे

आज मिति २०८३/०२/११ गते सोमबार दिन यस शुक्लाफाँटा नगरपालिका, नगरकार्यपालिकाको बैठक नगर प्रमुख श्री रणबहादुर महरा ज्यूको अध्यक्षतामा तपसीलका पदाधिकारीहरूको उपस्थितिमा बसि निम्न अनुसार निर्णय गरियो ।

तपसिलः

| | | |
|---|---|---|
| १. | श्री रण बहादुर महराः नगर प्रमुख | अध्यक्ष |
| २. | श्री कल्पना कुमारी जोशी पन्तः नगर उप-प्रमुख | सदस्य |
| ३. | श्री उत्तर देव भट्टः वडा अध्यक्ष वडा नं १ | सदस्य |
| ४. | श्री भोदुराम डगौराः वडा अध्यक्ष वडा नं २ | सदस्य |
| ५. | श्री नरेन्द्रप्रसाद चौधरीः वडा अध्यक्ष वडा नं ३ | सदस्य |
| ६. | श्री कमल ठकुल्लाः वडा अध्यक्ष वडा नं ४ | सदस्य |
| ७. | श्री चक्रबहादुर खड्काः वडा अध्यक्ष वडा नं ५ | सदस्य |
| ८. | श्री दान सिंह ऐरः वडा अध्यक्ष वडा नं ६ | सदस्य |
| ९. | श्री प्रताप धामीः वडा अध्यक्ष वडा नं ७ | सदस्य |
| १०. | श्री बहादुर सिंह महराः वडा अध्यक्ष वडा नं ८ | सदस्य |
| ११. | श्री रमेश बहादुर ऐरः वडा अध्यक्ष वडा नं ९ | सदस्य |
| १२. | श्री लाल बहादुर ऐरः वडा अध्यक्ष वडा नं १० | सदस्य |
| १३. | श्री शेर बहादुर साउदः वडा अध्यक्ष वडा नं ११ | सदस्य |
| १४. | श्री नवल सिंह रानाः वडा अध्यक्ष वडा नं १२ | सदस्य |
| १५. | श्री लक्ष्मी देवी ऐरः नगर कार्यपालिका सदस्य | सदस्य |
| १६. | श्री भुमा देवी चन्दः नगर कार्यपालिका सदस्य | सदस्य |
| १७. | श्री शान्ती देवी ऐरः नगर कार्यपालिका सदस्य | सदस्य |
| १८. | श्री सुर्जा बि.कः नगर कार्यपालिका सदस्य | सदस्य |
| १९. | श्री गणेश बिकः नगर कार्यपालिका सदस्य | सदस्य |
| २०. | श्री सरस्वती कुमारी जोशीः नगर कार्यपालिका सदस्य | सदस्य |
| २१. | श्री खेमराज बिष्ट : प्रमुख प्रशासकीय अधिकृत | सदस्य सचिव |

## १८६ औं कार्यपालिका बैठकका निर्णयहरुः

मितिः २०८३/०२/११ गते

**निर्णय नं. १:** १८८ औं कार्यपालिका बैठकका निर्णयहरु कार्यान्वयनको अवस्था बारे समिक्षा गरियो।

**निर्णय नं. २:** नगर शिक्षा समिति/ कार्यालयको मिति २०८३/०१/३१ गतेका निर्णयहरु अनुमोदन /स्वीकृत गर्ने निर्णय गरियो।

**निर्णय नं. ३:** शुक्लाफाँटा नगरपालिकाको सामुदायिक क्याम्पस अनुदान कार्यविधि, २०८३ स्वीकृत गर्ने निर्णय गरियो।

**निर्णय नं. ४:** शुक्लाफाँटा नगरपालिकाको कन्टिन्जेन्सी रकम व्यवस्थापन र खर्च सम्बन्धि कार्यविधि, २०८३ स्वीकृत गर्ने निर्णय गरियो।

**निर्णय नं. ५:** शुक्लाफाँटा नगरपालिकाको सरकारी सामुदायिक तथा सार्वजनिक जग्गा संरक्षण कार्यविधि, २०८३ स्वीकृत गर्ने निर्णय गरियो।

**निर्णय नं. ६:** वडा नं. १० मा रहेको झलारी स्वास्थ्य चौकीलाई शुनपा-१० खानेपानी ट्याङ्किको उत्तर नवनिर्मिति भवनमा स्थानान्तरण गर्ने र नव निर्मित भवनमा प्लेसेन्टा पिट, ईन्टरनेट जडान लगायतका अन्य व्यवस्थापनका लागि रू १ लाख समपुरक कोषबाट विनियोजन गर्ने निर्णय गरियो।

**निर्णय नं. ७:** सशस्त्र प्रहरी बल, नेपाल, नं. ३५ गण हे.क्वा शैलेश्वरीको च. नं. १३२१ मिति २०८३/०१/१४ गतेको पत्रानुसार शैलेश्वरी गण भित्रको सडक स्तरोन्नती गर्न रू १ लाख सम्पूरक कोषबाट उपलब्ध गराउने निर्णय गरियो।

**निर्णय नं. ८:** २ नं. वडा कार्यालयको च. नं. २७० मिति २०८३/०२/०६ गतेको सिफारिस अनुसार ट्रान्सफर्मर खरिदका लागि वडा बाट विनियोजित रकम अपुग भएकाले रू १ लाख समपूरक कोषबाट थप गर्ने निर्णय गरियो।

**निर्णय नं. ९:** ३ नं. वडा अन्तरगत ट्रान्सफर्मर खरिदका लागि वडा बाट विनियोजित रकम अपुग भएकाले रू २ लाख समपूरक कोषबाट थप गर्ने निर्णय गरियो।

**निर्णय नं. १०:** पर्यटन बोर्ड नेपालको च. नं. ४।पसवि।२०८२/८३/६४ मिति २०८२/१०/२१ गतेको पत्रानुसार पर्यटन पूर्वाधार विकास कार्यक्रम अन्तरगत शुक्लाफाँटा राष्ट्रिय निकुञ्जमा मचान र डिजिटल डिस्प्ले बोर्ड कार्यक्रमको लागि कुल लागतको २५% वापत हुने आउने रकम रू १,६६,६६७।– (रू. एक लाख छैसट्ठि हजार छ सह सतसट्ठी मात्र) समपूरक कोषबाट साझेदारी गर्ने र मचान र डिस्पले बोर्ड वडा नं. ६ मुल बाटो पिपल चौतारा सामुदायिक भवन नजिक जडान गर्ने निर्णय गरियो।

**निर्णय नं. १०:** नगरपालिका हाताभित्र रहेका जफत गरेका ढुङ्गा तथा जेन्जी आन्दोलनमा तोडफोडका कारण सिर्जित कभाड सामग्रीहरुको बढाबढी प्रति केजी दररेटको ७ दिने सूचना आह्वान गरी बिक्रि प्रकृया सुरु गर्ने निर्णय गरियो।

**निर्णय नं. ११:** मणिकाधाम मन्दिर परिसर व्यवस्थापन गर्न पर्यटन विस्तारका लागि बिस्तृत अध्ययन प्रतिवेदन तयार गर्न रु ५ लाख समपूरक कोषबाट विनियोजन गर्ने निर्णय गरियो।

शुक्लाफाँटा नगरपालिका नगर कार्यपालिकाको कार्यालय झलारी, कञ्चनपुर सुदूरपश्चिम प्रदेश, नेपाल

प्रमुख प्रशासकीय अधिकृत

**निर्णय नं. १२:** नगरपालिका अन्तरगत पछिल्ला ५ बर्ष भित्र भएका प्रगती एवं सम्भावना सम्बन्धि वृतचित्र तथा प्रतिवेदन तयार गर्न समपूरक कोषबाट रू. १० लाख विनियोजन गर्ने निर्णय गरियो।

**निर्णय नं. १३:** वडाबाट प्राप्त भएको संरक्षण गर्नुपर्ने सरकारी सामुदायिक तथा सार्वजनिक जग्गाको विवरण जिल्ला प्रशासन कार्यालयमा पठाउने र सो सम्बन्धमा खाली गराउन आवश्यक काम कारवाही अगाडी बढाउने निर्णय गरियो।

**निर्णय नं. १४:** भूमि सुधार तथा मालपोत कार्यालयको च. नं. ६६६४ मिति २०८३/०१/१४ गतेको पत्र बमोजिम मोठ श्रेष्ताहरु बाईण्डिङ गरि व्यस्थित गर्न रू २ लाख समपूरक कोषबाट उपलब्ध गराउने निर्णय गरियो।

**निर्णय नं. १५:** अत्यधिक गर्मि भई प्रतिकुल मौसमका कारण बालबालिकाहरुको स्वास्थ्यलाई मध्यनजर गर्दै मिति २०८३/०२/१२ र १३ गते २ दिन बर्खे विदाबाट कट्टी हुने गरि यस नगरपालिका अन्तरगतका सम्पूर्ण विद्यालयहरुमा पठनपाठन बन्द गर्ने निर्णय गरियो।

**निर्णय नं. १६:** भू उपयोग ऐन, २०७६ को दफा ८ को उपदफा (२क) अनुसार आफ्नो कित्ताको भू उपयोग क्षेत्र परिवर्तन गर्न चाहाने जग्गाधनीहरुलाई निवेदन पेश गर्न ३५ दिने सूचना प्रकाशित गर्ने निर्णय गरियो।

**निर्णय नं. १७:** शुनपा ५ राजपुर खजुवा बस्ने खडक सिंह साउद लगायतको निवेदन तथा ५ नं. वडा कार्यालयको च. नं. १३८३ मिति २०८३/०१/३० गतेको सिफारिस पत्र अनुसार बुढीनाला र स्यालि नदीबाट कटान जोखिम क्षेत्रमा तटबन्धन निर्माणका लागि रू २ लाख समपूरक कोषबाट विनियोजन गर्ने।

**निर्णय नं. १८:** ५ नं. वडा कार्यालयको च. नं. १३१६ मिति २०८३/०२/०७ गतेको पत्रबाट माग भएको सामग्री/निर्माण मध्ये ट्रस निर्माणका लागि आवश्यक रकम रू २ लाख समपूरक कोषबाट उपलब्ध गराउने निर्णय गरियो।

**निर्णय नं. १९:** यस नगरपालिकाको संस्कृति संरक्षण कार्यक्रमको लागि विनियोजित बजेट देहाय बमोजिमका क्रियाकलापहरु संचालन गरि खर्च गर्ने निर्णय गरियो।

क) श्री रामजानकि मन्दिर संरक्षण एवं सम्बर्द्धन समिति शुनपा १ वन्शाह पूर्वाधार मर्मत तथा निर्माण- रू ५० हजार

ख) श्री झारखण्डि बैजनाथ मन्दिर, शुनपा-२ ढकनियामा किर्तन भजनकालागि आवश्यक बाजा सेट खरिद- ५० हजार

ग) सगुना तथा फाग संस्कृति संरक्षण एवं प्रवर्द्धन कार्यक्रम रू ३ लाख २५ हजार मात्र ।

घ) ङ) शु.न.पा. वडा नं. ११ श्री भगवती मन्दिर पूर्वाधार निर्माण रु ५० हजार मात्र

च) वडा नं. ५ कृष्ण मन्दिर तारजाली रु २५ हजार मात्र।

**निर्णय नं. १६**

**क)** शुक्लाफाँटा नगरपालिका वडा नं. ८ सुनदेवी भगवती मन्दिर पुर्ननिर्माण गर्न रु २ लाख समपुरक कोषबाट विनियोजन गर्ने निर्णय गरियो।

**प्रमुख प्रशासकीय अधिकृत**

शुक्लाफाँटा नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
झलारी, कञ्चनपुर
सुदूरपश्चिम प्रदेश, नेपाल

ख) शु.न.पा. वडा नं. १ श्री वैजनाथ मन्दिर पैगोडा शैलीमा पूर्वाधार निर्माण गर्न रु ५ लाख समपुरक कोषबाट विनियोजन गर्ने निर्णय गरियो।

**निर्णय नं. २०:** श्री कृष्ण माध्यमिक विद्यालय  शुनपा ७ सिमलफाँटामा विद्यालय परिसरमा तार जालि जडान गर्न रू २ लाख समपूरक कोषबाट उपलब्ध गराउने निर्णय गरियो।

**निर्णय नं. २१:** व्यक्तिगत सम्पत्तिको उपभोग गर्दा अरुलाई असर नपार्ने कानूनि व्यबस्था बमोजिम आफ्नो जग्गा साध नजिक कुनै काम गर्दा, निर्माण गर्दा वा माटो खरिद बिक्री गर्दा साँध सिमानामा पर्ने जग्गाधनिको लिखित स्वीकृती भएको हुनपर्ने छ। माटो उत्खननबाट प्राकृतिक श्रोतको दुरुपयोग , सार्वजनिक तथा मानविय वास स्थान , भौगोलिक संरचना , साँध सिमाना रहेको  छिमेकीको जग्गाको संरचना , कुलो , नहर ,सडक , सार्वजनिक तथा व्यक्तीगत भवन लगायतको संरचना आदीमा कुनै किसिमको असर नपर्ने गरि गर्न सम्बन्धित सबैलाई जानकारी गराउने निर्णय गरियो।

**निर्णय नं. २२:** वडा नं. ६ अन्तरगत झलारी धारापानी मुल सडक पूर्व दिल बहादुर ऐरको जमिन नजिक सुनवरा नदिमा मिसिने सहायक खोलामा तटबन्ध गर्ने र सोको लागि आवश्यक रू २ लाख समपुरक कोषबाट उपलब्ध गराउने निर्णय गरियो।

**निर्णय नं. २३:** भूमि समस्या समाधान आयोग विघटन भएको अवधि (२०८२ कार्तिक १५ देखि पुस १५ गते सम्म) मा आयोगबाट खटिएका सर्भे प्राविधिकहरुलाई नगरपलिका अन्तरगत काममा खटाईएकोले निजहरुलाई २ महिना अवधिको पद अनुसारको पारश्रमिक तथा निर्णय अनुसारको थप सुविधा समेत उपलब्ध गराउने।

**निर्णय नं. २४:** नापि कार्यमा संलग्न सर्भे प्राविधिक तथा फिल्डमा खटिएका कर्मचारीहरुलाई खाईपाई आएको तलबको २५ % रकम थप फील्ड प्रोत्साहन भत्ता मासिक रुपमा उपलब्ध गराउने निर्णय गरियो।

**निर्णय नं. २५:** शुक्लाफाँटा नगरपालिकाको आर्थिक ऐन २०८२ मा गुड उत्पादन उदयोग शिर्षक र व्यवसाय करको दर समेत नसमेटिएकोले उक्त शिर्षक र बार्षिक व्यवसाय करक दर रू ५००० कायम गरि हाललाई व्यवसाय दर्ता गर्ने र आर्थिक ऐन संशोधनका लागि नगर सभा समक्ष पेश गर्ने निर्णय गरियो।

**निर्णय नं. २६:** संगठन तथा व्यवस्थापन सर्वेक्षण सम्बन्धी राष्ट्रिय मापदण्ड, २०८२ को दफा ८(२) बमोजिम सर्वेक्षण समिति स्वयंले सम्पूर्ण कार्य सम्पादन गर्न सम्भव नहुने अवस्था रहेको हुँदा विषय विज्ञको परामर्श सेवा लिई संगठन तथा व्यवस्थापन सर्वेक्षण कार्य सञ्चालन गर्न संगठन तथा व्यवस्थापन सर्वेक्षणको लागि परामर्श सेवा खरिद गर्न समपूरक कोष बाट रु. ५,००,०००/- (पाँच लाख रुपैयाँ मात्र) बजेट विनियोजन गर्ने तथा आवश्यक प्रक्रिया अगाडि बढाउने निर्णय गरियो।

**निर्णय नं. २७:** नगरपालिकाबाट मर्मत कार्य भै रहेको श्रोत केन्द्र भवनमा फलामको झ्याल ढोका लगाउन थप हुने रकम रू १ लाख गुणस्तर सुधार शीर्षकबाट भूक्तानी गर्ने निर्णय गरियो।

**निर्णय नं. २८:** मिति २०८२ भाद्र २३ र २४ को जेन्जीआदोलनको क्रममा शुक्लाफाँटा नगरपालिकाका १२ वटै वडा कार्यालयहरु , सेवा केन्द्र र नगरपालिकाको कार्यालयमा आगजनी र तोडफोड हुदा नस्ट भएका तथा टुटफुट भई काम नलाग्ने भएका विभिन्न जिन्सी सामाग्रीहरु मिनाहा गरि आम्दानीबाट लगत कट्टी गर्ने प्रस्ताव सर्वसम्मती बाट स्वीकृत गर्ने निर्णय गरियो।

प्रमुख प्रशासकीय अधिकृत

शुक्लाफाँटा नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
झलारी, कञ्चनपुर
सुदूरपश्चिम प्रदेश, नेपाल

**निर्णय नं. २६:** नेपाल प्रहरी सितको समन्वयमा हिंसा न्यूनिकरण सम्बन्धी कार्यक्रम संचालन गर्न रु ३ (तीन) लाख समपुरक कोषबाट भुक्तानी गर्ने निर्णय गरियो।

**निर्णय नं. ३०:** शुक्लाफाँटा नगरपालिका नगरकार्यपालिकाको कार्यालयले संचालन तथा व्यवस्थापन गरेको बारुणयन्त्रमा पानी भर्नकालागि नगरपालिका परिसर भित्र टि बोर गाडनका लागि रु १ लाख समपुरक कोषबाट भुक्तानी गर्ने निर्णय गरियो।

शुक्लाफाँटा नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
झलारी, कञ्चनपुर
सुदूरपश्चिम प्रदेश, नेपाल

प्रमुख प्रशासकीय अधिकृत